नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

शान्ति संयन्त्र समन्वय महाशाखा

प.सं. २०७२/७३
च.नं. ११५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०७२।१२।१५

श्री स्थानीय शान्ति समिति
७५ जिल्ला ।

विषयः विवरण उपलब्ध गराउने बारे ।

उपरोक्त सम्बन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल, बबरमहल काठमाण्डौको पत्र संख्या ०७२।७३ च.नं. ६२१ को पत्रको प्रतिलिपि यसैसाथ संलग्न छ । उक्त पत्रबाट माग भए बमोजिम कुन जिल्लाको कुन -कुन गा.वि.स.मा स्थानीय शान्ति समिति गठन भएको छ सो को हालसम्मको अद्यावधिक विवरण उक्त आयोगमा पठाई यस शाखालाई समेत जानकारी दिनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

(वालकृष्ण कोइराला)
शाखा अधिकृत

**वोधार्थ**
श्री सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल, बबरमहल, काठमाण्डौ ।

सू.स.द.नं. १२४१
०७२-१२-६

# सत्य निरूपण तथा मेलमिलाप आयोग नेपाल

बबरमहल, काठमाडौं ।

पत्र संख्या : ०७२-०७३
चलानी नं. : ६२१

मिति: ०७२/१२/०३

शान्ति तथा पुनर्निर्माण मन्त्रालय
दर्ता नं.: १०८९
दर्ता मिति:- २१५

विषय : विवरण उपलब्ध गराउने बारे ।

श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय
सिंहदबार, काठमाडौं ।

नेपालको अन्तरीम संविधान,२०६३ र विस्तृत शान्ति संझौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्नको लागि सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भई आयोगले आफ्नो कार्य गरिरहेको व्यहोरा अवगत नै छ । यसै सन्दर्भमा आयोगले सशस्त्र द्वन्द्वबाट पीडितहरुको उजुरी संकलन गर्ने कार्य निकट भविष्यमा नै शुरु गर्न गई रहेकाले यस प्रयोजनका लागि कुन जिल्लाको कुन कुन गा.वि.स मा स्थानिय शान्ति समितिको गठन भएको छ, सो को विवरण उपलब्ध गराई दिनु हुन निर्देशानुसार अनुरोध छ ।

श्री शान्ति समिति ...
१२१५

२०७२।१२।०४
(चुडामणी भण्डारी)
शाखा अधिकृत